कार्यविधि संख्या : ....................

कार्यपालिकाबाट स्वीकृत मिति : .....................

# एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता वितरण कार्यविधि

## २०७८

बाँफिकोट गाउँपालिका, रुकुम (पश्चिम)

कर्णाली प्रदेश

## एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता वितरण कार्यविधि २०७८

**प्रस्तावना :**

बाँफिकोट गाउँपालिकाको पाचौं गाउँसभाद्वारा आ.व. २०७८/०७९मा कार्यान्वयन गर्न विनियोजन गरिएको गाउँपालिका भित्रका आजीवन कृषि पेशा अङ्गालेको र समय क्रमले जेष्ठ भई जीवन निर्बाहका लागि प्रोत्साहन भत्ताको वितरण गर्न यस अघि संघ र प्रदेशले यस प्रकारको कार्यविधि कार्यान्वयनमा नल्याएको अवस्थामा सो कार्यलाई ब्यवस्थित गर्न बान्छनिय भएकोले,

बाँफिकोट कार्यपालिकाले **एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता वितरण कार्यविधि २०७८ तयार गरको छ।**

**कार्यपालिकाको बैठकले पारित गरेको मितिदेखि लागू हुने छ।**

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम**एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता वितरण कार्यविधि २०७८** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, :

(क)“अध्यक्ष” भन्नाले बाँफिकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(घ) “उपाध्यक्ष” भन्नाले बाँफिकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बाँफिकोट गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(घ) “कार्यपालिका” भन्नाले बाँफिकोट गाउँकार्यपालिका सम्झनु पर्छ।

(ङ) “वडाध्यक्ष” भन्नाले बाँफीकोट गाउँपालिका भित्रको वडाको अध्यक्ष सम्झनुपर्छ।

(च) कार्यपालिका सदस्य भन्नाले बाँफीकोट गाउँकार्यपालिकाको सदस्य सम्झनु पर्छ।

(छ)“वडासचिव” भन्नाले बाँफीकोट गाउँपालिका भित्रको वडाको सचिव सम्झनुपर्छ।

(भज) प्रोत्साहन भत्ता भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध हुने भत्ता सम्झनुपर्छ।

(झ) “बैंक” भन्नाले गाउँपालिकाको आर्थिक कारोबार भैरहेको बैंक सम्झनुपर्छ।

(ञ) “लाभग्राही” भन्नाले कार्यविधि बमोजिम भत्ता प्राप्त गर्ने ब्यक्तिलाई सम्झनु पर्छ।

ट) “ किसान” भन्नाले आफ्नै जमीन वा भाडाको जमीनमा खेतीपाती वा पशुपन्क्षी पालन गरिएको ब्यक्तिलाइ सम्झनु पर्दछ।

**३.भत्ता प्राप्त गर्न सक्ने १)** बाँफीकोट गाउँपालिका भित्र स्थायी बसोबास भएको दलित समुदायको हकमा ५५ वर्ष पूरा भई ६० वर्ष नपुगेको र गैर दलित समुदायको हकमा ६० वर्ष पूरा भई ७० वर्ष नपुगेको ब्यक्तिले यो एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता प्राप्त गर्न सक्ने छन्।

२)उपदफा १ बमोजिमको एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता गाउँकार्यपालिकाको कार्यालयबाट वितरण हुने छ।

४. सूचना प्रकाशन गर्नु पर्ने  यस कार्यविधि बमोजिमको एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ताप्राप्त गर्नका लागि १५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा निवेदन दिन गाउँकार्यपालिकाले स्थानीय पत्र पत्रिका, एफएम रेडिणे र अन्य सञ्चार माध्यममा सार्वजनिक सूचना प्रकाशन र प्रसारण गर्नुपर्ने छ। यो सूचना गाउँकार्यपालिकाले  वेभसाइडमा समेत राख्नु पर्ने छ।

५. निवेदन दिनु पर्ने  १) योग्यता पुगेका व्यक्तिले एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता प्राप्त गर्न देहाय बमोजिमका कागजात सहित अनुसूचि १ बमोजिमको डाँचामा दफा ३ बमोजिमको सूचनामा तोकिएको समयावधि भित्र सम्बन्धित वडा कार्यालयमा  निवेदन दिनु पर्ने छ।

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

ख) एकाघरको जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि वा जग्गा लीजमा लिएका कागजात

ग) सम्बन्धित व्यक्तिको खाता नम्बर प्रष्ट देखिने बैंक चेकको प्रतिलिपि

२) उपदफा १ बमोजिमको निवेदन प्राप्त भए पश्चात सम्बन्धित वडाले **एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता** पाउन सक्ने ब्यक्तिहरुको विवरण तयार गरी  अनुसूचि २ बमोजिमको ढाँचामा गाउँकार्यपालिकाको कार्यालयमा पठाउनु पर्ने छ।

६. **एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता वितरण गर्नुपर्ने**  वडा कार्यालयले विवरण अध्यावधिक गरी दफा ४ को उप दफा २ बमोजिम को विवरणका ब्यक्तिहरुलाई बैंक खाता मार्फत रकम वितरण गर्नु पर्ने छ।

७. अनुगमन गर्न सक्ने  : नेपाल सरकारले उपलब्ध गराएका अन्य कुनै सुविधा सँग दोहरो नपर्ने गरी वितरण भए  नभएको विषयमा गाउँकार्यपालिकाको कार्यालयले अनुगमन गर्ने सक्नेछ।

अनुसूचि १

(दफा ५ को उपदफा १ सँग सम्बन्धित)

एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता प्राप्तीका लागि दिने निवेदनको डाँचा

मिति २०७८/.../....

श्री.....................................

.....................................

विषयः एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता उपलब्ध गराई पाउँ ।

बाँफीकोट गाउँपालिकाले जारी गरेको एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता वितरण कार्यविधि २०७८ बमोजिम भत्ता उपलब्ध गराईदिनु हुन देहायका कागजातहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातः

१) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

२) जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि

३) सम्बन्धित ब्यक्तिको खाता नम्बर प्रष्ट देखिने बाँफिकोट गाउँपालिकाको सरकारी कारोबार भएको बैकको चेकको प्रतिलिपि

हस्ताक्षरः..............................

नाम :...............................

ठेगाना :..............................

सम्पर्क फोन नं...........................

| वडा कार्यालयको सिफारिसको ब्यहोरा |
| --- |
| सिफारिस गर्ने वडाध्यक्षको नामथर सही |

**अनुसूचि २**

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

गाउँपालिकामा पठाउनु पर्ने विवरणको ढाँचा

मिति २०७८/..../.....

श्री गाउँकार्यपालिकाको कार्यालय,
बाँफीकोट, रुकुम(पश्चिम) ।

विषय: एक घर एक जेष्ठ किसान विवरण पठाईएको ।

एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता वितरण कार्यविधि, २०७८ बमोजिम एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्ता प्राप्तिको लागि यस वडा कार्यालयमा रहेका एक घर एक जेष्ठ किसान व्यक्तिहरुको विवरणमा पठाईएको व्यहोरा अनुरोध छ ।

एक घर एक जेष्ठ किसान व्यक्तिहरुको विवरण

| क.सं. | एक घर एक जेष्ठ किसान व्यक्तिहरुको विवरणमा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नाम थर | जन्ममिति | ना.प्र.प.नं जारी मिति र जिल्ला | बाजेको नाम | बाबुको नाम | आमाको नाम | प्रदान गरिने रकम | बैंकको नाम र खाता नं. | जम्मा गरिएको मिति |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

................................

वडासचिवको नाम

दस्तखत